**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ। ०७७ वैशाख १७ गते**

प्रदेश १ मा वैशाख १७ गतेसम्म आरडीटी र पीसीआर विधिबाट ६ हजार ७० जनाको परीक्षण भएको छ। कोरोना शङ्कास्पद १ हजार ८५ जनाको स्वाब सङ्कलन गरिएको छ। वैशाख १७ गतेसम्म २ सय ८१ जना महिला र ८ सय ४ जना पुरूषको नमूना सङ्कलन गरिएको छ। नमूना सङ्कलन गरिएका मध्ये दुई जना महिला र २९ जना पुरूषको रिपोर्ट पोजेटिभ आएको छ। कोरोना परीक्षण गरिएका मध्ये १ सय ६१ जना महिला र ७ सय ६९ जना पुरूष गरी ९ सय ३० जनाको रिपोर्ट नेगेभिट आएको छ। शङ्कास्पद व्यक्तिको नमूना सङ्कलन गरिएको मध्ये १ सय २४ जनाको रिपोर्ट आउन बाँकी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। आरडीटी विधिबाट वैशाख १७ गतेसम्म ४ हजार ९ सय ८५ जनाको एण्टीवडी परीक्षण गरिएको छ। परीक्षण गरिएका मध्ये १३ जनाको रिपोर्ट पोजेटिभ आएको छ। परीक्षण गरिएका मध्ये ८ सय २२ जना महिला र ४ हजार १ सय ५० जना पुरूष गरी ४ हजार ९ सय ७२ जनाको रिपोर्ट नेगेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। प्रदेश १ मा वैशाख १७ गतेसम्म ५ हजार ६ सय २ जना क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ। वैशाख १७ गते ७५ ओटा वेड थप गरिएको छ। क्वारेन्टाइनमा ४ सय ७६ जना महिला र १ हजार ७ सय ८२ जना पुरूष गरी २ हजार २ सय ५८ जना बसेका छन्। वैशाख १७ गते ६५ जना डिस्चार्ज भएका छन्। होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ हजार १ सय ४७ जना पुगेको छ। होम क्वारेन्टाइनमा १ हजार ७२ जना महिला र ५ हजार ७५ जना पुरूष बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। प्रदेश १ मा वैशाख १७ गतेसम्म आईसोलेशनमा बस्नेको सङ्ख्या ३९ जना पुगेको छ। आईसोलेशनमा पाँच जना महिला र ३४ जना पुरूष छन्।

प्रदेश १ का जिल्ला समन्वय समितिका प्रमुखहरूले कोरोना परीक्षणको दायरा बढाउन माग गरेका छन्। उनीहरूले र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडीटी) विधिलाई बढाउन माग गरेका हुन। सामाजिक विकास मन्त्री जीवन घिमिरेसँगको भिडियो कन्फ्रेन्समा समन्वय समितिका प्रमुखहरूले क्वारेन्टाइनमा बसेकाहरूको अनिवार्य आरडीटी गर्नुपर्ने बताएका छन्। १४ दिने क्वारेन्टाइन अवधि सकिन लागेको भन्दै आरडीटीको दायरा बढाउन समन्वय प्रमुखहरूको माग छ। क्वारेन्टाइनमा बसेकाको सङ्ख्याको आधारमा किट पठाउन समन्वय समिति प्रमुखहरूले माग गरेका छन्। सामाजिक विकास मन्त्री घिमिरले हरेक जिल्लालाई दोश्रो चरणमा ३ सय ६० ओटाका दरले किट पठाइसकिएको बताउनुभयो। मन्त्री घिमिरेले १४ ओटै जिल्लाका स्वास्थ्यकर्मीलाई शङ्कास्पद व्यक्तिको स्वाब सङ्कलन गर्ने तालिम दिई सकिएको बताउनुभयो। राष्ट्रिय मानव अधिकार आयोगले गठन गरेको जिल्लास्तरीय मानव अधिकार अनुगमन समितिले वैशाख १७ गते सीमावर्ती क्षेत्र रानीको अनुगमन गरेको छ। अनुगमन समितिले विराटनगर भन्सार कार्यालयको अनुगमन समेत गरेको छ। खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको आयातका विषयमा अनुगमन समितिले जानकारी लिएको छ। अनुगमनका क्रममा भन्सारमा कार्यरत कर्मचारीहरूले कोरोनाको जोखिममा रहेर काम गर्नु पर्ने र जोखिम न्यूनीकरणका लागि प्रदेश सरकारले स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराउन माग गरेका छन्। नेपाल पत्रकार महासङ्घका महासचिव रमेश विष्टले वैशाख १६ गते उदयपुरको स्थलगत अनुगमन गरी उदयपुरका पत्रकारका लागि सरकारले छुट्टै प्याकेज ल्याउन माग गर्नु भएको छ। झापामा वैशाख १७ गते प्रदेशका कानुन मन्त्रीसहित बैठकले लकडाउन खुकुलो पार्ने निर्णय गरेको छ। वैशाख १८ गते विहान ७ बजेदेखि ११ बजेसम्म लकडाउन खुकुलो पार्ने निर्णय गरिएको छ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका अनुसार** वैशाख १७ गतेसम्म जिल्लामा क्वारेन्टाइनमा बस्नेको संख्या २ सय १४ जना पुगेको छ। १ सय ९० जना पुरूष र २४ जना महिला क्वारेन्टाइनमा बसेका छन्। मोरङका दश स्थानमा २ सय ६७ वेडको क्वारेन्टाइन निर्माण गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानवहादुर राईले बताउनुभयो। क्वारेन्टाइनमा रहेका २३ जना डिस्चार्ज भएका छन्। आईसोलेशनमा रहेकामध्ये वैशाख १७ गते २७ जना डिस्चार्ज भएका छन्। मोरङका १७ ओटा स्थानीय तहहरूले वैशाख १७ गतेसम्म ८६ हजार ८ सय ८८ घर परिवारलाई राहत वितरण गरेको प्रहरीले

जनाएको छ । वैशाख १७ गतेसम्म विभिन्न जिल्लाहरूबाट उद्दार भई मोरङ आएका व्यक्तिको सङ्ख्या २ हजार ५८ जना पुगेको छ ।
राष्ट्रिय मानव अधिकार आयोगले गठन गरेको जिल्लास्तरीय मानव अधिकार अनुगमन समितिले वैशाख १७ गते सीमावर्ती क्षेत्र रानीको अनुगमन गरेको छ । समन्वय समितिका संयोजक मोरङ जिल्ला बार एशोसिएसनका अध्यक्ष पुनम गुप्ता संयोजकत्वको समितिले अनुगमन गरेको हो । अनुगमनको रिपोर्ट प्रदेशस्तरीय अनुगमन समितिलाई बुझाइने सदस्य नेपाल पत्रकार महासङ्घ मोरङका अध्यक्ष बन्धु पोखरेलले बताउनुभयो ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार सोलुदूधकुण्ड नगरपालिकाका मेयर नाम्गेल जाङबु शेर्पाको पहलमा लिखुपिके गाउँपालिकालाई कोरोना सुरक्षा सामाग्री प्रदान गरिएको छ । हिमालयन प्रोजेक्ट नेपाल गैरसरकारी संस्थाले गाउँपालिकालाई तीन लाख १६ हजार बराबरको स्वास्थ्य सामाग्री प्रदान गरेको हो ।
नेचासल्यान गाउँपालिका-३ले होम क्वारेन्टाइनमा बसेर समस्यामा परेका नागरिकलाई खाद्यान्न वितरण गर्ने भएको छ । वैशाख १७ गते बसेको विपद् व्यवस्थापनको बैठकले सो निर्णय गरेको हो ।
लिखुपिके गाउँपालिकाले विकास निमार्णको रकम कोरोना राहत कोषमा जम्मा गर्ने निर्णय गरेको छ । वैशाख १७ गते गाउँकार्यपालिकाको बैठकले एक करोड १७ लाख रुपियाँ कोरोना कोषमा जम्मा गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने निणर्य गरेको छ । गाउँपालिकाले नियमित औषधि सेवन गरिरहेका बिरामीलाई चार महिनाका लागि निशुल्क औषधि वितरण गर्ने भएको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार जिल्लास्तरीय मानव अधिकार अनुगमन समिति गठन गरिएको छ । जिल्ला बार एसोशियसनका अध्यक्ष उमेश शाक्यको संयोजकत्वमा पाँच सदस्यीय समिती गठन गरिएको छ । वैशाख १२ गते बसेको बैठकले इन्सेक प्रतिनिधि भविन कार्कीलाई जिल्लास्तरीय मानव अधिकार अनुगमन समितिमा मनोनित गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अनुगमन कार्यविधि अनुसार जिल्लास्तरीय मानव अधिकार अनुगमन समितिमा इन्सेक प्रतिनिधिलाई मनोनित गरिएको बारका अध्यक्ष उमेश शाक्यले जानकारी दिनुभयो ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार नेपाल पत्रकार महासङ्घका महासचिव रमेश विष्टले जोखिममा रहेका उदयपुरका पत्रकारलाई छुट्टै प्याकेज घोषणा गर्न सरकारसँग माग गर्नु भएको छ । वैशाख १६ गते गाईघाट आउनु भएका महासचिव विष्टले जनताको सूचनाको हकलाई स्थापित गर्न क्रियाशिल पत्रकारलाई सम्मानसहित प्याकेज ल्याउन आग्रह गर्नुभयो । इन्सेक प्रतिनिधि भरत खड्काले कोरोना सङ्क्रमित पुष्टी भएपछि उदयपुरका स्थानीयले खेप्नु परेको सास्ती र जिल्लाको अवस्थाका बारेमा जानकारी गराउनु भएको छ । त्रियुगा नगरपालिका -३ भुल्केमा वैशाख १७ गते गैरसरकारी संस्था महासङ्घ केन्द्रीय समितिले स्वास्थ,सरसफाइ र खाद्य सामग्री उपलब्ध गराएको छ । कोराना भाइरस पुष्टीपछि सिल गरिएको भुल्के क्षेत्रवस्तीका सर्वसाधारण घरबाहिर निस्कन नपाउँदा खाद्य, स्वास्थ्य लगायतका सामग्री अभाव भएको गुनासो गरेपछि महासङ्घले एक लाख ५७ हजार तीन सय ५३ रुपियाँको सामग्री सहयोग गरेको हो । सङ्क्रमण क्षेत्रका मुस्लिम समुदायका ५७ परिवारलाई त्रियुगा नगरपालिकासँग समन्वय गरी वितरण गरिएको केन्द्रीय सल्लाहकार सृजना दनुवारले बताउनुभयो ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार सर्वसाधारणले खाद्यान्नलगायत औषधि र कृषिका सामग्री सहज ढङ्गले खरिद गर्न नपाएको गुनासो गरेपछि झापामा लकडाउन खुकुलो पार्ने निर्णय भएको छ । प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्की र सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरको उपस्थितीमा झापामा लकडाउन खुकुलो पार्ने निर्णय भएको छ । बिहान ७ बजेदेखि ११ बजे सम्म झापामा खाद्यान्न, कृषि र औषधि पसल खोलेर जनजीवन सहज बनाउने निर्णय भएको छ ।

लकडाउनका समयमा काठमाडौँबाट झापाको अर्जुनधारा नगरपालिका घर फर्किएका व्यक्तिलाई नगरपालिकाले होम क्वारेन्टाइनमा राखेको छ । कोरोना सङ्क्रमित पुरूषको सम्पर्कमा आएका बाहृदशी गाउँपालिकाका ६२ जनाको स्वाब नमूना सङ्कलन गरिएको छ । जिल्ला स्वास्थ्य कार्यालय र गाउँपालिकाका स्वास्थ्यकर्मीको टोलीले स्वाब नमूना सङ्कलन गरेको हो ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार जिल्लामा एम्बुलेन्सको सङ्ख्या चार रहेको छ ,तर बिरामी बोक्ने एम्बुलेन्स चालकलाई खान बस्न भने समस्या रहेको छ । कोरोना सङ्क्रमणको डरले कोही पनि होटल व्यवसायीले बास तथा खान नदिने गरेको स्वास्थ्य कार्यालय भोजपुरका प्रमुख फणिन्द्र थापाले बताउनु भयो ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार उद्योग, पर्यटन , वन तथा वातावरण मन्त्री जगदीशप्रसाद कुसियैतले कोशी गाउँपालिका र इनरूवा नगरपालिकामा राहत वितरण गर्नु भएको छ । हरिनगर गाउँपालिकाले वितरण गरेको राहत सामग्रीमध्ये चामल प्लाष्टिकको भएको र गुणस्तरहीन भएको भ्रम(अफवाह) फैलाइएको प्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । वैशाख १७ गते पत्रकार सम्मेलन गरी गरिएको चामल गुणस्तरीय रहेको दाबी गरिएको छ । धरान उपमहानगरपालिकामा पत्रपत्रिकाहरू बन्द भएर रोजीरोटी नै गुमेको अवस्थामा रहेका पत्रिका वितरण गर्ने वितरकहरूलाई नेपाल फोटो पत्रकार महासङघ सुनसरीको समन्वयमा खाद्यान्नलगायतका सामाग्री उपलब्ध गराइएको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख १७ गते ४० जनाको आरडीटी परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । जिल्ला अस्पतालमा ६,  पाथीभरा अस्पतालमा ६ र समर्पित अस्पतालमा ११ गरी जम्मा २३ ओटा आईसोलेसन कक्ष स्थापना गरिएका छन् । जिल्लामा १९ ओटा एम्बुलेन्स र सात ओटा पिकअप तयारी अवस्थामा राखिएका छन् ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**